कृष्णनगर नगरपालिका
कृष्णनगर, कपिलवस्तु ।
आ.ब. २०८३/८४ को

नगरसभामा पेश भएको मिति:२०८३/०३/०३
नगरसभाबाट अनुमोदन भएको मिति:२०८३/०३/२९

# बजेट वक्तव्य

यस कृष्णनगर नगरपालिकाको सोह्रौं नगर सभाका आदरणीय सभाअध्यक्षज्यू, नगर सभाका सचिवज्यू, सम्पूर्ण नगरसभाका सदस्यज्यूहरु, कर्मचारीज्यूहरु, सुरक्षाकर्मी एवं पत्रकारज्यूहरु।

कृष्णनगर नगरपालिकाका आम नगरबासीको चाहना र हाम्रो क्षमता बीच सन्तुलन कायम गर्दै विकासको प्रतिफललाई संस्थागत गर्दै जान जनताको घरदैलोको सरकार, कृष्णनगर नगरपालिकाको यस सोह्रौं नगरसभा समक्ष आर्थिक वर्ष २०८३/८४ को वार्षिक बजेट प्रस्तुत गर्न पाउँदा मैले गौरवान्वित अनुभूति गरेको छु।

सभाका आदरणीय सभाअध्यक्षज्यू,

प्रस्तुत बजेट, नेपालको संविधान, प्रचलित ऐन नियम, दीगो विकासका लक्ष्य, सोह्रौं योजना, कृष्णनगर नगरपालिकाको आवधिक योजना तथा नगरबासीको सर्वोत्तम हित आदिलाई आधारको रुपमा लिई तयार भएको छ। अब म, आ.व. २०८३/०८४ को बजेटका उद्देश्य र प्राथमिकताहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु।

बजेटका उद्देश्य तथा प्राथमिकताहरू

आर्थिक वर्ष २०८३/८४ को बजेट निम्न उद्देश्य तथा प्राथमिकताका आधारमा तर्जुमा गरिएको छः

१. सडक, सिँचाइ, खानेपानी, शिक्षा, स्वास्थ्य, ढल निकास तथा शहरी पूर्वाधारको विकास र विस्तार गरी नगरवासीहरूको जीवनस्तरमा गुणात्मक सुधार ल्याउने।

२. कृषि, पशुपालन तथा उद्यमशीलता प्रवर्द्धनमार्फत उत्पादन र उत्पादकत्व वृद्धि गरी आयआर्जनका अवसर विस्तार गर्दै स्थानीय आर्थिक विकासलाई गति दिने।

३. सीप विकास, रोजगार सिर्जना, सामाजिक सुरक्षा तथा संरक्षणका कार्यक्रमहरू प्रभावकारी रूपमा सञ्चालन गरी सामाजिक न्याय, समावेशीकरण तथा समान अवसर सुनिश्चित गर्ने।

४. उपलब्ध स्रोत, साधन र अवसरहरूको अधिकतम तथा उत्पादनमूलक उपयोग गरी स्थानीय अर्थतन्त्रलाई सुदृढ बनाउँदै नगरपालिकालाई क्रमशः आत्मनिर्भर बनाउने।

५. सूचना प्रविधिमा आधारित सेवा प्रवाह, सुशासन, पारदर्शिता, जवाफदेहिता तथा जनमैत्री प्रशासनलाई प्रवर्द्धन गरी गुणस्तरीय, प्रभावकारी र लोककल्याणकारी सार्वजनिक सेवाको विस्तार गर्ने।

६. वातावरण संरक्षण, जलवायु अनुकूलन, विपद् जोखिम न्यूनीकरण तथा दिगो विकासका अवधारणालाई बजेट तथा कार्यक्रमहरूमा मूलप्रवाहीकरण गर्ने।

७. निजी क्षेत्र, सहकारी तथा सामुदायिक क्षेत्रसँगको साझेदारीलाई सुदृढ गर्दै लगानी, उत्पादन, रोजगारी र स्थानीय विकासलाई प्रोत्साहन गर्ने।

८. पर्यटन, व्यापार, उद्योग तथा सेवा क्षेत्रको विकासमार्फत नगरको समग्र समृद्धि र आर्थिक सशक्तीकरणमा योगदान पुऱ्याउने।

यी उद्देश्य तथा प्राथमिकताहरूले "समृद्ध कृष्णनगर, सुखी नगरवासी" को दीर्घकालीन लक्ष्य प्राप्तिमा मार्गदर्शन गर्ने विश्वास लिएको छु।

आदरणीय नगरसभाका सभाअध्यक्ष ज्यू,

आ.व. २०८३/८४ को बजेट श्रोत तथा खर्चको विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु।

१. चालू आ.ब. २०८२/८३ को लागि मौज्दात सहित कूल ८६ करोड ८२ लाख ८२ हजार ९२३ को आय अनुमान गरिएकोमा चालू तर्फ ४० करोड ५५ लाख ३५ हजार ९८२ पुँजीगत तर्फ कूल २५ करोड २५ लाख ५८ हजार ०५० खर्च गरी जम्मा ६५ करोड ८० लाख ९४ हजार ०३२ खर्च भएको छ। यो समग्रमा ७५.७९ प्रतिशत खर्च हो।

३. आन्तरिक राजश्व तर्फ चालू आ.ब.को लागि ३ करोड २५ लाख आय अनुमान गरिएकोमा नगरपालिका र वडाबाट कूल २ करोड ६ हजार ३२२ र प्रदेश सरकारबाट स्थानीय सञ्चितकोषमा प्राप्त भएको रु १ करोड ०७ लाख ५९ हजार ०६१ गरी कूल ३ करोड ०७ लाख ६५ हजार ३८३ आन्तरिक आय प्राप्त भएको छ। यो आन्तरिक आय तर्फ लक्ष्यको ९४ दशमलब ६७ प्रतिशत हो।

आदरणीय सभाकासभा अध्यक्षज्यूहरु,

४. अब म, कृष्णनगर नगरपालिकाको गत वर्षको यर्थाथ आय, चालू आ.ब.को संशोधित आय र आगामी आ.ब. २०८३/८४ को संशोधित आय/व्यय यस सभामा पेश गर्ने अनुमति चाहन्छु।

## आय तर्फः

| आय स्रोत | आ.ब.२०८१/८२ को यथार्थ रु. | आ.ब.२०८२/८३ को संशोधित आय रु. | आ.ब २०८३/८४ को अनुमानित रु. | कैफियत |
|---|---|---|---|---|
| **संघीय** समानीकरण | १४७०९१२८०.०० | १४२२०४७५०.०० | १५८३०००००.०० | |
| शसर्त चालु र पुँजीगत | २४११९४५०९.०० | २३८१४९४२८.०० | २९३६०००००.०० | |
| समपुरक | १५००००००.०० | ४०८२०१६.०० | १७५०००००.०० | |
| राजश्व बाँडफाँड | १०६८०५४३२.८० | १६५९६६३७०.०० | १३६७७६०००.०० | |
| विषेश | १९७९९५००.०० | ४६३८९८२०.०० | ८५००००००.०० | |
| **प्रद्रेश** समानीकरण | ११४२५०००.०० | १३६३५०००.०० | ११०५८०००.०० | |
| शसर्त चालु र पुँजीगत | ७३७३१५२.०० | ९१९६०००.०० | १५५०००००.०० | |
| समपुरक | ८४५९००१.०० | १०१०५४००.०० | १२००००००.०० | |

कृष्णनगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कृष्णनगर, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

| | | | | |
|---|---|---|---|---|
| राजश्व बाँडफाँड | १२१८०६८६.०० | [illegible]१७८८७२.०० | १६१००००००.०० | |
| विषेश | १३६५५२९.०० | २५५००००.०० | २००००००.०० | |
| आन्तरिक आय | ३४००००००.०० | ३०७६५३८३.०० | ३००००००.०० | |
| चालू आ ब अल्या | १०३६०८२०४.०० | १३९९३८६९५.०० | ५००००००.०० | |
| जि स स | | | १००००००.०० | |
| कूल जम्मा | ७०८३०२२९३.८० | ८१०१६१७३४.०० | ७५२३३४०००.०० | |

आदरणीय सभाकासभा अध्यक्षज्यूहरु,

आगामी आ.ब.२०८३/८४ मा संघीय सरकार र लुम्बिनी सरकारबाट सशर्त अनुदान तर्फ रु ३० करोड ९१ लाख ७६ हजार , समपुरक अनुदान तर्फ रु २ करोड ९५ लाख र विषेश अनुदान तर्फ रु १ करोड ०५ लाख आय हुने अनुमान गरेकोछु । यसै गरी संघ र लुम्बिनी प्रदेश सरकारबाट समानीकरण अनुदान तर्फ रु १६ करोड ९३ लाख ५८ हजार, राजस्व बाँडफाँड तर्फ रु १५ करोड २८ लाख ७६ हजार, आन्तरिक आय र अल्या गरी रु ८ करोड १० लाख गरी कूल ७५ करोड २३ लाख ३४ हजार देहाय बमोजिमका योजना तथा कार्यक्रमहरुमा खर्च हुने अनुमान गरेको छु ।

व्यय तर्फः

आगामी आ.ब. २०८३।०८४ मा प्रक्षेपित आयको ३३ करोड ८३ लाख (४५.६८ प्रतिशत) सशर्त, समपुरक तथा विषेश अनुदानमा तोकिएका योजना तथा कार्यक्रमहरुमा खर्च हुनेछ । बाँकी रकम रु ४० करोड २२ लाख ३४ हजार मध्येबाट वडा तर्फ प्रति वडा ८५ लाखका दरले १० करोड २० लाख खर्च हुने अनुमान गरेकोछु । यसरी वडागत, विषयगत शाखागत योजना तथा कार्यक्रम र नगरपालिका अन्तर्गत कार्यान्वियन हुने योजना तथा कार्यक्रमहरु छुट्टै अनुसूची १ मा व्यवस्था गरेको छु ।

आदरणीय सभाकासभा अध्यक्षज्यूहरु,

आ.ब. २०८३।०८४ को आय देहाय बमोजिम चालू र पुँजीगत योजना तथा कार्यक्रमहरुमा खर्च हुने अनुमान छ ।

| विनियोजित रकम रु. | पुँजीगत खर्च रु. | चालू खर्च रु. |
|---|---|---|
| ७५,२५,३४,०००।०० (१०० प्रतिशत) | २६,३३,१६,९०० (३५ प्रतिशत) | ४८,९०,१७,१००।०० ( ६५ प्रतिशत) |

कृष्णनगर, असार महिना २९ गते २०८३ साल रोज २ मा शुभम् ।

आरती देवी चौधरी
नगर उप-प्रमुख